प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त कोटाको लागि आवेदन पेश गरेका आवेदकहरुको नतिजा प्रकाशन सम्बन्धी

## अत्यन्त जरुरी सूचना ।

प्रकाशित मितिः २०७८/१०/१८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०४/३०, २०७८/०५/१८ र मिति २०७८/०५/०२ गते शैक्षिक सत्र २०७८/७९ का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा विद्यार्थी छनौटका लागि तोकिएको मिति र समय भित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७७ (चौथो संशोधन २०७८) तथा उल्लेखित सूचना अनुसार यस कार्यालयबाट मिति २०७८/०६/०७ र २०७८/०६/०८ गते प्रथम चरण, मिति २०७८/०७/०२ गते दोस्रो चरण, मिति २०७८/०७/१८ गते तेस्रो चरण, मिति २०७८/०८/१६ गते चौथो चरण तथा मिति २०७८/०९/२० गते पाचौ चरणमा प्रकाशित नतिजा बमोजिम सिफारिस गरिएको शिक्षण संस्थामा तोकिएको मिति र समय भित्र सिफारिस गरिएका उम्मेद्वारहरु भर्ना हुन नगई रिक्त रहेको कोटाहरुमा यस बागमती प्रदेश कार्यालयद्वारा मिति २०७८/१० /१० गते प्रकाशित सूचना बमोजिम सम्बन्धित संस्थामा नै आवेदन पेश गरेका विद्यार्थीहरु मध्येबाट तपसिल बमोजिमका योग्यताक्रम अनुसारका विद्यार्थीहरु पूनः सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका विद्यार्थीहरुले मिति २०७८/१०/२१ गते सम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता र Online छात्रवृत्ति छनौट आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना भई सक्नुपर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम विद्यार्थीहरु भर्ना गर्न गराउनु हुन र तोकिएको मिति र समय भित्र सिफारिस गरिएका प्रशिक्षार्थी भर्ना भए / नभएको जानकारी यस कार्यालयको ईमेल ठेगाना exam@ctevtbagmati.org.np मा र सो को बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा पठाउनुहुन अनुरोध छ ।

**निर्देशक**